# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा
प्रदेश नं.-१, नेपाल

प.सं.: ०७८/०७९
सूचना नं.:

मिति: २०७९/०३/०७

श्री सरोकारवालाहरु (सबै)

विषयः फरफारक तथा भुक्तानी सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा यस कार्यालयसँग सम्झौता गरी सञ्चालन भएका विभिन्न योजना तथा कार्यक्रमहरु र यस कार्यालयले भुक्तानी गर्नुपर्ने अन्य दायित्वहरुको फरफारक तथा भुक्तानीका लागी मिति २०७९/०३/१८ गते सम्ममा आवश्यक कागजात सहित यस कार्यालयको आर्थिक प्रशासन (लेखा) शाखामा पेश गर्नहुन अनुरोध छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्च अद्यावधिक गरी भुक्तानी र निकासा बन्द गर्नुपर्ने भएकाले असार २३ गते भित्र खर्च हुन नसकेको रकम फिर्ता भौचर सहित कोष तथा लेखा नियन्त्रक कार्यालय झापा तथा प्रदेश लेखा इकाई झापामा पेश गर्नुपर्ने र भुक्तानीको करकट्टी रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने तथा आ.व. २०७८/०७९ को आय व्ययको हिसाव मिलान गरी नेपाल सरकार, प्राकृतिक स्रोत तथा वित्त आयोग समक्ष प्रतिवेदन पेश गर्नुपर्ने भएकाले तोकिएको समय सीमा भन्दा पछी पेश हुन आएका भुक्तानी फायलहरु उपर कुनै कारबाही नहुने र भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागी अनुरोध छ।

(गोविन्द रिजाल)
लेखा अधिकृत

(कुमार बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत